# चैनपुर नगरपालिका

# स्थानीय राजपत्र


चैनपुर नगरपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः ७ मितिः २०७७/०९/२१


## भाग - २

## चैनपुर नगरपालिका

**जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७**

चैनपुर नगरपालिका नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७७ सालको कार्यविधि नं. ५ (पाँच)

# जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७

नगर कार्यपालिकाको बैठकबाट स्वीकृत मिति : २०७७/०९/२१

प्रमाणीकरण मिति : २०७७/०९/२१

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्रको विकास निर्माण सम्बन्धी कार्य सञ्चालनको लागि नगरपालिकाले जलको व्यवस्थित उपयोग तथा संरक्षणका लागि जल उपभोक्ता समिति/संस्थाहरुको दर्ता, सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी चैनपुर नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम चैनपुर नगरपालिकाको "जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "नगरपालिका" भन्नाले चैनपुर नगरपालिका सम्झनु पर्छ ।

(ख) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

(ग) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले "जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७" सम्झनु पर्छ ।

(ङ) "जल" भन्नाले घरेलु तथा औद्योगिक उपयोगको लागि आपूर्ति गरिने पानी सम्झनु पर्छ ।

(च) "स्रोत" भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको खानेपानीको स्रोत सम्झनु पर्छ ।

(छ) "अध्यक्ष" भन्नाले जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७ समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ज) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्भित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउँछ ।

(झ) "उपभोक्ता संस्था/समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरु मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ ।

(ञ) "कार्यालय" भन्नाले चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ट) "जल उपभोक्ता संस्था दर्ता सिफारिस समिति" भन्नाले दफा ९ बमोजिमको जल उपभोक्ता संस्था दर्ता सिफारिस समिति सम्झनु पर्छ ।

(ठ) "प्रमाण पत्र" भन्नाले दफा ७ बमोजिम दिइने प्रमाणपत्र सम्झनु पर्छ ।

**परिच्छेद - २**

**<u>उपभोक्ता संस्थाको गठन तथा दर्ता</u>**

३. **जल उपभोक्ता संस्था/समितिको गठनः** संस्थागत रूपमा जलको उपयोग गर्न चाहने व्यक्तिहरूले पदाधिकारी तथा सदस्य समेत

गरी सात देखि एघार सदस्यीय भएको उपभोक्ता संस्था/समिति गठन गर्न सक्नेछन् ।

४. **जल उपभोक्ता संस्था दर्ताको लागि दरखास्त दिनुपर्ने:** दफा ३ बमोजिम जल उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्वन्धित उपभोक्ताहरूले अनुसूची-१ बमोजिमको ढाँचामा जल उपभोक्ता संस्थाको दुईप्रति विधान र पाँच सय रुपैयाँ दस्तुर सहित अनुसूची २ बमोजिमका आवश्यक कागजातहरु सहित चैनपुर कार्यपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

५. **विधानमा खुलाउनु पर्ने विवरणहरू:** दफा ४ बमोजिम पेश गर्नुपर्ने जल उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरू खुलाउनु पर्नेछ :-

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्य क्षेत्र,

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन र राजीनामा,

(ङ) साधारण सभा सम्वन्धी,

(च) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम, कर्तव्य तथा अधिकार सम्वन्धी),

(छ) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(ज) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि,

(झ) कोष र लेखापरीक्षण,

(ञ) विधान संशोधन,

(ट) विघटन,

(ठ) विविध ।

६. **सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः** (१) दफा ४ बमोजिम जल उपभोक्ता संस्था दर्ताको लागि दरखास्त परेपछि प्रमुख प्रशासकीय अधिकृतले तत्सम्बन्धी विवरणहरू खुलाइ सार्वजनिक जानकारीको लागि सात दिनको सूचना प्रकाशित गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि जल उपयोगसित सम्बन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्वन्धी विवरणहरू खुलाई सूचना प्रकाशित भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष जो सुकैले पनि लिखित उजुरी दिन सक्नेछ । सो को छानविन जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिले गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्वन्धमा सम्बन्धित दरखास्तवालाले पालन गर्नुपर्ने कुराहरू दर्ता प्रमाणपत्र दिँदा तोक्न सक्नेछ ।

७. **दर्ता र प्रमाणपत्रः** (१) दफा ४ बमोजिम पर्न आएको दरखास्त उपर प्रमुख प्रशासकीय अधिकृतले दफा ९ बमोजिमको जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिबाट आवश्यक जाँचबुझ गरी समितिको निर्णय सहित उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनु पर्नेछ । जल उपभोक्ता संस्था दर्ता किताब अनुसूची-४ बमोजिमको ढाँचामा कार्यालयले राख्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा प्रमुख प्रशासकीय अधिकृतले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) यो कार्यविधि प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरू यसै कार्यविधि बमोजिम दर्ता भएका मानिनेछन् ।

८. <u>विधान संशोधन</u>: उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नु पर्ने भएमा विधानको प्रक्रिया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ र प्रमुख प्रशासकीय अधिकृतले तत्सम्बन्धमा आवश्यक जाँचबुझ गरी जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको निर्णय लिई विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद - ३

## समिति र नयाँ दर्ता सम्बन्धी व्यवस्था

९. <u>जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको गठन</u>: (१) नगरपालिका भित्र रहेको जलको उपयोगको लागि कार्यविधिको दफा ७ को उपदफा (१) बमोजिम जाचबुझ तथा सिफारिस गर्ने प्रयोजनको लागि नगरमा एक जल उपभोक्ता संस्था दर्ता सिफारिस समिति रहनेछ ।

(२) जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्:

(क) उपप्रमुख - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) शाखा प्रमुख, योजना तथा अनुगमन शाखा - सदस्य

(घ) शाखा प्रमुख, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा - सदस्य

(ङ) प्रमुखले तोकेको कार्यपालिकाको सदस्य - सदस्य

(च) शाखा प्रमुख, प्रशासन शाखा - सदस्य सचिव

१०. **जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधिः**

(१) जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा वस्नेछ ।

(२) बैठकको अध्यक्षता जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा समितिको सदस्यहरू मध्येबाट प्रमुख प्रशासकीय अधिकृतले बैठकको अध्यक्षता गर्नेछ ।

(३) जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(६) जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको बैठक सम्बन्धी अन्य कार्यविधि जल उपभोक्ता संस्था दर्ता सिफारिस समिति आफैँले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **नयाँ दर्ता प्रमाणपत्र लिनु पर्नेः** (१) यो कार्यविधि प्रारम्भ हुनु अगावैदेखि जल उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा ४ मा उल्लेखित विवरणहरू खुलाई कार्यविधि प्रारम्भ

भएको मितिले दुई वर्ष भित्र जल उपभोक्ता संस्था दर्ताका लागि दरखास्त दिनेछ । दफा ५ बमोजिमको विधान समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्त उपर सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी जल उपभोक्ता संस्था सिफारिस समितिले निर्णय गरेमा दरखास्तवालालाई अनुसूची-३ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ ।

१२. **दर्ता दस्तुरः** यो कार्यविधि बमोजिमको जल उपभोक्ता संस्था दर्ताको लागि रु. तीन हजार दस्तुर चैनपुर नगरपालिकामा बुझाउनु पर्नेछ ।

१३. **अनुमतिपत्र नवीकरण गर्नेः** (१) यो कार्यविधि बमोजिम जल उपभोक्ता संस्था नविकरणको लागि दफा १२ बमोजिमको दर्ता दस्तुरको आधा दस्तुर बुझाई प्रत्येक तीन वर्षमा अवधि समाप्त हुनु अगावै नविकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नविकरण नगर्ने संस्थालाई दफा १२ बमोजिमको दर्ता दस्तुरको रकम बराबरको प्रत्येक वर्षको हर्जना नगरपालिकाले लिई प्रमुख प्रशासकीय अधिकृतले नविकरण गर्न सक्नेछ ।

## परिच्छेद - ४

## विविध

१४. **लेखापरीक्षण सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम दर्ता भएको जल उपभोक्ता संस्थाले प्रत्येक वर्षको लेखा परीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र प्रचलित कानून बमोजिम इजाजत प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

१५. **विवरण उपलब्ध गराउनु पर्नेः** उपभोक्ता संस्थाले देहायका विवरणहरु सहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(क) उपभोक्ता संस्थाको चौमासिक र वार्षिक प्रतिवेदन,

(ख) लेखापरीक्षण प्रतिवेदन,

(ग) वार्षिक कार्यक्रम,

(घ) उपभोक्ता संस्थाका सदस्यहरुको नाम तथा सम्पर्क सहितको विवरण,

(ङ) उपभोक्ता संस्थाको साधारण सभाको बैठक तथा अन्य बैठक सम्वन्धी जानकारी,

(च) उपभोक्ता संस्थासँग भएको चल अचल सम्पति सम्वन्धी विवरणहरु,

(छ) प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको अन्य विवरण ।

१६. **विघटन भएमा चल अचल सम्पति सम्बन्धी व्यवस्थाः** यस कार्यविधि बमोजिम गठन र दर्ता भएको जल उपभोक्ता संस्था विघटन भएमा संस्थाले तिर्नु पर्ने सम्पूर्ण दायित्व बुझाई बाँकी रहेको चल अचल सम्पति नगरपालिकामा बुझाउनु पर्नेछ ।

१७. **थपघट, हेरफेर वा संशोधनः** (१) कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) कार्यपालिकाले उपदफा (१) बमोजिम अनुसूचीमा थपघट वा हेरफेर वा संशोधन गरेको विषयको सूचना सर्वसाधारणको जानकारीका लागि प्रकाशन गर्नु पर्नेछ ।

१८. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१९. <u>बाधा अड्काउ फुकाऊ</u>: यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुने बाधा अड्काउ परेमा यस कार्यविधिको भावनाको प्रतिकूल नहुने गरी कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

## अनुसूची - १
### (दफा ४ सँग सम्बन्धित)
### निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा ।

महोदय,
हामीले.......................................जल उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७ को दफा ४ वमोजिम जल उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र पाँच सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरण:
१. जल उपभोक्ता संस्थाको नाम:
२. कार्य क्षेत्र:
३. उद्देश्यहरू:
(क)
(ख)
(ग)
४. अध्यक्ष/सदस्यहरूको नाम ठेगाना पेशा
(क)
(ख)
(ग) क्रमश :
५. उपयोग गरिने जलको विवरण:
(क) जलको स्रोतको नाम र रहेको ठाउँ:
(ख) जलको स्रोतबाट गरिने प्रयोग:

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलको परिमाणः

(घ) उक्त जलको हाल भैरहेको उपयोगः

६. जल उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुऱ्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरूको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालय रहेको ठेगानाः

<u>निवेदक,</u>

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

मितिः

**अनुसूची - २**
**(दफा ४ सँग सम्बन्धित)**

**आवश्यक कागजातहरु**

१. वडा अध्यक्षको रोहवरमा आयोजना प्रभावित तथा सरोकारवालाहरुको भेला गराई सर्जमिन मुचुल्का ।
२. सम्बन्धित वडा समितिको सिफारिस ।
३. आयोजना प्रभावित तथा सम्बन्धित सामूदायिक वन उपभोक्ता समिति/समूहको सिफारिस ।
४. खानेपानी/सिंचाई/घरेलु प्रयोजनका लागि व्यक्तिगत दर्ता भित्रको मूहान भएमा लक्षित वर्गलाई स्रोत उपलब्ध गराएको कबुलियतनामा/मञ्जुरीनामा र कुनै सम्झौता भएमा सो सम्झौता ।
५. व्यक्तिको जग्गामा मूहान भई सो जग्गाधनीले लक्षित वर्गलाई जलको स्रोत उपलब्ध गराएको भए जग्गाधनी प्रमाणपूर्जा, जग्गाधनीसँग कुनै सम्झौता भएको भए सो सम्झौता ।
६. दफा ५ बमोजिमको जल उपभोक्ता संस्थाको विधान २ (दुई) प्रति ।
७. जल उपभोक्ता संस्थाका सदस्यहरुको फोटो सहितको तीन पुस्ते विवरण सहितको अभिलेख ।
८. जल उपभोक्ता संस्थाका सदस्यहरुको नेपाली नागरिकताको फोटोकपी ।
९. समिति/संस्थाका निर्णयहरुको प्रमाणित छायाँकपीहरु ।

**अनुसूची - ३**
**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**
चैनपुर नगरपलिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, सङ्खुवासभा

**जल उपभोक्ता संस्था दर्ता प्रमाण पत्र**

दर्ता नम्बरः-
दर्ता मितिः-

श्री..............................
..................................
.................................. (सम्वन्धित जल उपभोक्ता संस्था/समितिको नाम) जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ को उपदफा (१) बमोजिम............साल...............महिना..........गतेमा यस कार्यालयमा पेश गरेको विवरण अनुसार मिति ........... गते बसेको जल उपभोक्ता संस्था दर्ता सिफारिस समितिको निर्णय अनुसार दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ । चैनपुर नगरपालिकाको जल उपभोक्ता संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७ र संलग्न एक प्रति विधान बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

दर्ता गर्ने अधिकारीको
दस्तखत :
नाम थर :
पद :
मिति :

## अनुसूची - ४

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

चैनपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

चैनपुर, सङ्खुवासभा

जल उपभोक्ता संस्था दर्ता किताब

| क्र.सं. | दर्ता नम्बर | दर्ता मिति | संस्थाको नाम र ठेगाना (नेपाली र अंग्रेजीमा) | सदस्य संख्या | | | संस्थाको कार्यक्षेत्र | जलको प्रयोजन | उपभोक्ता संस्थाका पदाधिकारीहरुको नाम थर र पदावधि | सम्पर्क नम्बर | पेश गर्ने कर्मचारीको नामथर र दस्तखत | दर्ता गर्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | जम्मा | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आज्ञाले,

किरण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

*मुद्रण :- शाक्य अपसेट प्रेस, चैनपुर-६, सङ्खुवासभा । मूल्य रु. १०/-*